आज मिति २०८० साल कार्तिक महिनाको २२ गते बुधवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा छलफल गर्न का लागी नगर कार्यपालिकाको "अठ्ठाइसौं" बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसील बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

| | | | |
|---|---|---|---|
| | १, | नगर प्रमुख - | श्री गुमान सिंह अर्याल |
| | २, | उप - प्रमुख - | श्री पद्मा गुरुङ |
| अनुपस्थित | ३, | नि. प्र. प्र. अधिकृत | श्री किसानराज चिलुवाल |
| | ४, | वडा अध्यक्ष (१) | श्री दुर्गा बहादुर बुढाथोकी |
| | ५, | —"— (२) | श्री मदन बहादुर राना |
| | ६, | —"— (३) | श्री चित्र बहादुर दनाई |
| | ७, | —"— (४) | श्री गम बहादुर गुरुङ |
| | ८, | —"— (५) | श्री इन्द्र बहादुर गुरुङ |
| | ९, | —"— (६) | श्री प्रकाश थापा |
| | १०, | —"— (७) | श्री तुलबिराम बस्नेत |
| | ११, | —"— (८) | श्री पवित्रा थापा राना |
| | १२, | —"— (९) | श्री खुशि जङ गुरुङ |
| | १३, | —"— (१०) | श्री गंगा बहादुर थापा |
| | १४, | —"— (११) | श्री शिव प्रसाद जोशी |
| | १५, | कार्यपालिका सदस्य | श्री हिरालाल विश्वकर्मा |
| | १६, | —"— | श्री श्रीनाथ दुलाल |
| | १७, | —"— | श्री कल्पना थापा बोहरा |
| | १८, | —"— | श्री बिमला न्यौपाने अधिकारी |
| | १९, | —"— | श्री सुक माया गुरुङ |
| | २०, | —"— | श्री सुक माया घर्ती |
| | २१, | —"— | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारी

| | | |
|---|---|---|
| २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २३, | सहायक प्रशासकीय अधिकृत | श्री गोविन्द बहादुर राउत |

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०७/२२ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८०/०७/२२ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. होमस्टे गाउँको पर्यटन पुर्वाधार आयोजना सम्बन्धमा ।
३. लागत साझेदारीतर्फका कार्यक्रमहरुको सम्बन्धमा ।
  - सडक कालोपत्रे तथा ढलान (६०/४०)
  - सामुदायिक भवन (५०/५०)
  - दलित समुदायको भवन (७०/३०)
४. सिसी क्यामेरा र ८ नं वडा कार्यालयको विद्युत महशुल भुक्तानी सम्बन्धमा ।
५. वडास्तरीय योजना ब्रेक डाउन/संशोधन सम्बन्धमा । (वडा नं ५, ९, ११, ३,२)
६. आयोजनाको नाम संशोधन सम्बन्धमा । झो.पु.गौंथली डाँडाको सट्टा कपुरिश्वर पार्क
७. विविध
  - घाटलाई विभाजन गरी ठेक्का बन्दोबस्ती गर्ने सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं १ : अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

मिति २०८०/०६/३० गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं २ : होमस्टे गाउँको पर्यटन पुर्वाधार आयोजना सम्बन्धमा ।**

चालु आ.व. २०८०/०८१ को पर्यटनतर्फ दुई वटा होमस्टे गाउँ प्रवर्द्धनको लागि स्वीकृत कार्यक्रम कार्यान्वनयको सिलसिलामा मिति २०८०/०६/०९ मा होमस्टे गाउँहरुबाट प्रस्तावना पेश गर्नको लागि प्रकाशित सूचना वमोजिम पर्न आएका निवेदन/प्रस्तावहरु उपर छलफल गर्दा देहायका आयोजनाहरु देहायको शर्त समेतको आधारमा छनौट गर्ने निर्णय गरियो ।

देहाय

१. पुमागाउँ तालिम हल तथा कोशली घर भवन निर्माण, बेनपा ६
२. खासुर सभागृह भवन अगाडि ट्रस निर्माण र कम्पाउण्डिङ, बेनपा १०

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०७/२२ गतेको बैठक

शर्तहरु

१. आयोजना छनौट सम्बन्धमा सम्बन्धित ग्रामीण पर्यटन समिति वा आम भेलाबाट निर्णय गराउनु पर्ने ।

२. समिति वा आम भेलाको छलफलबाट आयोजना परिमार्जन भएमा सोही परिमार्जित आयोजनालाई नै कार्यान्वनयमा लैजाने ।

३. उक्त आयोजनाबाट पर्यटन प्रवर्द्धनमा पुग्ने योगदान बारे पर्यटन समिति स्पष्ट हुनुपर्ने र नगरपालिकालाई स्पष्ट बनाउनु पर्ने ।

**निर्णय नं ३ : लागत साझेदारीतर्फका कार्यक्रमहरुको सम्बन्धमा ।**

नगरपालिकाले चालु आ.व.२०८०/०८१ मा स्थानीय उपभोक्तासंगको लागत साझेदारीमा सञ्चालन गर्ने गरी राखिएका देहायका कार्यक्रमतर्फ आयोजना छनौटको लागि १ महिनाको म्याद दिई इच्छुक स्थानीय समुदायहरुबाट प्रस्ताव माग गर्ने निर्णय गरियो ।

देहाय :

(क) लागत साझेदारीमा सडक कालोपत्रे तथा ढलान (नगरपालिकाको ६०% र स्थानीय उपभोक्ताको ४०% लागत सहभागितामा/कुल विनियोजत बजेट रु. ५० लाख)

(ख) सामुदायिक भवन लागत साझेदारी ( नगरपालिका र स्थानीय उपभोक्ताको ५०/५० % लागत सहभागितामा/ कुल विनियोजित बजेट रु. १० लाख)

(ग) दलित समुदाय लक्षित सामुदायिक भवन निर्माण तथा स्तरोन्नति ( नगरपालिकाको ७०% र स्थानीय उपभोक्ताको ३० % लागत सहभागितामा/कुल विनियोजित बजेट रु. ५ लाख)

**निर्णय नं ४ : सिसी क्यामेरा र ८ नं वडा कार्यालयको विद्युत महशुल भुक्तानी सम्बन्धमा ।**

नेपाल विद्युत प्राधिकरण लमजुङ वितरण केन्द्रको च.नं.१७६ र १७७ मिति २०८०/०६/०२ को प्राप्त पत्रानुसार साविक बेसीशहर गाविसको नाममा (हाल ८ नं वडा कार्यालय रहेको भवन) बाँकी रहेको विद्युत महशुल र बेसीशहर सि.सि. क्यामेराको नाममा बाँकी रहेको रकम उक्त संस्थालाई सार्वजनिक उपयोगिगताको सेवा खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ५ : वडास्तरीय योजना ब्रेक डाउन/संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८०/०८१ का देहायका वडास्तरीय योजना तथा कार्यक्रमहरुलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.एक घर एक धारा निर्माण, बेनपा ५ | १४०००० | १.एक घर एक धारा खुन्द्रुदेवी खा.पा. योजना, बेनपा ५ | १४०००० |
| २.लक्षित वर्ग तथा विविध कार्यक्रम, बेनपा ९ | ५००००० | २. तिज गीत प्रतियोगिता तथा दर खाने कार्यक्रम, बेनपा ९ | ९०३८० |
| ३. शिक्षा क्षेत्र सुधार,व्यवस्थापन, | ३००००० | ३.१ शैक्षिक सामाग्री खरिद, बेनपा ११ | ६०००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०७/२२ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| सहायता, बेनपा ११ | | ३.२जनजागृति तारबार र शैक्षिक व्यवस्थापन, बेनपा ११ | १००००० |
| | | ३.३ शैक्षिक अन्तरक्रिया कार्यक्रम (श्री ज.क. मा.वि.), बेनपा ११ | ९०००० |
| | | ३.४ बालरत्न प्रा.वि.विद्यालय मर्मत, बेनपा ११ | ५०००० |
| ४. लक्ष्मी नारायण कृषि सहकारी संस्था भवन मर्मत, बेनपा ११ | १००००० | ४.शान्ति भवन प्रा.वि. तारबार, बेनपा ११ | १००००० |
| ५.विविध कार्यक्रम, बेनपा ११ | ५००००० | ५. चिती प्रहरी चौकी दशैं तिहार शुभकामना, चियापान खर्च तथा पुजापाठ सामाग्री खरिद | १०००० |
| ६.विविध तथा फुटकर कार्यक्रम, बेनपा ३ | १०००००० | ६.१रानीकुवा गाउँशहर सडक चोकमा सि.सि. क्यामेरा जडान, बेनपा ३ | १००००० |
| | | ६.२ ज्यामिरे सामुदायिक भवनमा भान्छा घर निर्माण, बेनपा ३ | १००००० |
| | | ६.३ श्री लमजुङ मा.वि.भवन मर्मत सम्भार तथा उदघाटन, बेनपा ३ | १००००० |
| ७.वडाका आवश्यक ठाउँमा सडक मर्मत सम्भार, बेनपा २ | २००००० | ७.खहरेखोला-मनकामना मन्दिर कृषि बाटो मर्मत, बेनपा २ | ३५००० |

**निर्णय नं ६ : आयोजनाको नाम संशोधन सम्बन्धमा ।**

नेपाल सरकार शहरी विकास मन्त्रालयको चालु आ.व. २०८०/८१ को बार्षिक कार्यक्रमको क्र.सं. ४२२१ मा रहेको देहायको आयोजनाको नाम संशोधनको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**देहाय**

**साविक कार्यक्रमको नाम :** बेसीशहर-८ गौंथली डाँडाबाट बेसीशहर नपा १० बाँझाखेत जोड्ने झोलुङ्गे पुल निर्माण (LMBIS Code : ११.४.८.३१८५)

**संशोधनको लागि पेश हुने नाम :** बेसीशहर ८ कपुरिश्वर पार्कबाट बेसीशहर नपा १० बाँझाखेत जोड्ने झोलुङ्गे पुल निर्माण

**निर्णय नं ७ : घाटलाई विभाजन गरी ठेक्का बन्दोबस्ती गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १,२ र ११ स्थित मध्यमर्स्याङदी जलविद्युत आयोजनाको ड्यामसाइड क्षेत्रमा रहेको घाटलाई विभाजन गर्ने सम्बन्धी २०८०/०६/३० को नगर कार्यपालिका बैठकको निर्णय समेतका आधारमा उक्त घाटलाई देहाय वमोजिम विभाजन गरी ठेक्का बन्दोबस्ती सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०७/२२ गतेको बैठक

देहाय :

| क्र. सं | ठे. नं. | उत्खनन् गरिने घाटको नाम तथा सिमांकन क्षेत्र | वडा नं. | लम्बाई (मि) | चौडाई (मि) | उचाई (मि) | उत्खनन् योग्य परिणाम घ.मि. | न्यूनतम ठेक्का रकम | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **मध्यमर्स्याङ्दी ड्याम साइड खण्ड** | | | | | | | |
| १ | १७ | **गैरी क्याम्पस मुनी खण्ड (क)** (गैरी क्याम्पस झोपुबाट माथि तल्लो खण्ड) | २.११ | १२० | ६० | ४ | १४४०० | ४५,७५,०० ०।- | उल्लेखित सबै घाटहरुमा नदीको सिमानादेखि १० मिटरसम्मको भाग वाहेकको स्थानबाट मात्र निर्माण सामाग्री उत्खनन्को कार्य गर्न सकिनेछ । |
| २ | १८ | **गैरी क्याम्पस मुनी खण्ड (ख)** (गैरी क्याम्पस झोपुबाट माथि माथिल्लो खण्ड) | २.११ | १२० | ६० | ४ | १४४०० | ४५,७५,०० ०।- | |
| ३ | १९ | **खाइखुरे छहरा खण्ड (क)** (गैरी क्याम्पसको झोपुदेखि तल्लो खण्ड वडा नं. १ र २ को सिमाना राक्से खोला माथिसम्म) | २. ११ | ९० | ६० | ४ | १०८०० | ३४,३०,०० ०।- | |
| ४ | २० | **खाइखुरे छहरा खण्ड (ख)** (वडा नं. १ र २ को सिमाना राक्से खोला (खण्ड क) को सिमानादेखि तल प्रतिक्षालय मुनीसम्म) | १.११ | ९० | ६० | ४ | १०८०० | ३४,३०,०० ०।- | |
| ५ | २१ | **खाइखुरे छहरा खण्ड (ग)** (प्रतिक्षालय मुनी खण्ड ख को सिमानादेखि तल खाइखुरे झरनाको सिमानासम्म) | १.११ | १३५ | ४० | ४ | १०८०० | ३४,३०,०० ०।- | |
| ६ | २२ | **कडेनी खण्ड** (सिमलको रुखमुनीको घुम्तीदेखि तल क्रसर उद्योग मुनी पारीपट्टीको भाग) | ११ | ८० | २५ | ३ | ३००० | ९,५५,०००।- | |
| ७ | २३ | **क्रसर उद्योग मुनी खण्ड (क)** (आकासे भीर प्रतिक्षालय मुनिदेखि ११० मि. तलको भाग) | १. ११ | ११० | ८० | ५ | २२००० | ७२,५०,०० ०।- | |
| ८ | २४ | **क्रसर उद्योग मुनी खण्ड (ख)** (खण्ड (क) को सिमानादेखि तल आकासे भोटे खोल्सीसम्म) | १. ११ | ११५ | ८० | ५ | २३००० | ७२,५०,०० ०।- | |

गुमान सिंह अर्याल
नगर प्रमुख